ो बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री अमृता कुमारी के.सीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक

/०८० को बजेट वक्तव्य:

गंगादेव गाउँपालिका गाउँसभा उदघाटन समारोहका सभाध्यक्ष ज्यू,

प्रमुख अतिथी, विशेष अतिथी, अतिथीज्युहरु, कार्यपालिका सदस्यज्युहरु, गाउँसभाका सदस्यज्युहरु लगायत हाम्रो निमन्त्रणालाई स्वीकार गरी समारोहमा पाल्नुहुने सम्पुर्ण आमा वुवा दाजुभाई दिदिवहिनीहरु

सदियौं देखि नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रही आएको छ ।लामो समय सम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे जनयूद्ध, २०६२।६३ को जनआन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । अहिले हामी संविधानको सर्व स्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । रोल्पालाई हेर्ने दृष्टिकोण त्यसमा पनि गंगादेवलाई हेर्ने फरक पनमा यो काम जटिल र चुनौतिपूर्ण रहेतापनि यसलाई नयाँ नेपाल निर्माण संगै संघियता कार्यान्वयनमा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन ।

आज म यस गंगादेव गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक वजेट पेश गर्न उपस्थित छु । गंगादेव गाउँपालिकाको नीति तथा कार्यक्रम, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, विषयगत शाखाको राय, संघ संस्था एवं, विभिन्न वर्ग समुदाय र विज्ञहरुको सुझाव समेतलाई ध्यान दिएको छु ।

अध्यक्ष महोदय,

गंगादेव गाउँपालिका प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यद्यपि हालसम्म संभावनाहरुलाई यथार्थमा रुपान्तरण गर्न नसकिएको नमिठो इतिहास हामीसँग छ । आफ्ना स्रोत र संभावनाको खोजी गरी त्यसको प्रभावकारी व्यवस्थापन र परिचालन मार्फत समृद्धि हासिल गर्ने दिशामा हामी रहेका छौं। गंगादेव गाउँपालिकाको सम्वृद्धिको अभियानमा वडा समिति, गाउँकार्यापलिका वा गाउँसभा मात्र प्रयास छैनन । यी त अङ्ग मात्र हुन, जुन प्रतिनिधिमूलक रुपमा स्थापित छन्। हाम्रो शासन सञ्चालनको आधार आम गंगादेववासी जनता हुन् । तसर्थ गंगादेव गाउँपालिकाले ल्याएको बजेटको सफल कार्यान्वयनको माध्यमद्वारा आम जनताका अपेक्षाको संवोधन गर्न गंगादेव गाउँपालिकावासी जनताहरुको साथ, सहयोग र हौसलाको अपेक्षा गरेको छु । यसका साथै सम्पूर्ण राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, विभिन्न पेसा व्यवसायी, पत्रकार तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी समेतको सकारात्मक सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक/सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेको छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुकराजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

देश विकासको गतिमा अगाडि लम्किरहेको भएतापनि यस गंगादेव गाउँपालिका यातायात तथा सञ्चारबाट वञ्चित पहाडी क्षेत्रमा रहेको परिप्रेक्ष्यमा जनताका पहिलो पाँच वर्षको अभ्यास जनप्रतिनिधिको कार्यशैली र अवको पाँच वर्षको लागी नैंया विचार, नैंया योजना सँगै हाम्रो आगमन यस गाउँपालिकाले विकासको अनुभूति गर्ने अपेक्षा लिएको छु । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र रोल्पाकै सम्पत्तिको रुपमा रहेको छ । कृषि, औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको गंगादेव गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै परीरहेको छ । यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छाशक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा आएको छ । त्यसैले विकसित र समृद्ध गंगादेव गाउँपालिका निर्माण गर्न हामीलाई कुनै वहानाले छेक्नु हुँदैन । यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुर्‍याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतिको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

हाम्रा सामु विभिन्न चुनौतिहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्ष ०७९/०८० को बजेट तयार गरेको छु । यस बजेटका उदेश्यहरु यसप्रकार प्रस्तुत गरेकोछु ।

➢आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,

➢राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँचअभिवृद्धि गर्ने ।
➢संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको कार्यान्वयन गर्ने ।
➢सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने ।
➢गंगादेवबासी जनताको आर्थिकस्तर बृद्धिमा सघाउ पुऱ्याउने ।
➢सामाजिक न्यायसहितको समतामुलक समाजको स्थापना गर्ने ।
➢विकासका पूर्वाधारहरुको निर्माण र सवलीकरण गर्ने ।
➢वातावरण संरक्षण तथा विपद्व्यवस्थापनमा सहयोग पुर्याउने ।

यी उद्देश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेकोछु

- उत्पादन र उत्पादकत्व वृद्धि,
- कृषिको आधुनिकीकरण र व्यवसायिकरण,
- रोजगारीका अवसरहरुमा वृद्धि,
- सुशासन तथा संस्थागत क्षमता विकास
- सहभागितामूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- सहकारी तथा उद्यमशिलता

बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र व्यवस्थित सञ्चालन, · वन तथा जलाधार संरक्षण, अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली, · सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आ.ब. २०७९/०८० को अनुमानित आय विवरण पेश गर्न चाहन्छु ।

- सर्वप्रथम संघिय सरकारको बजेट मार्फत गंगादेव गाउँपालिकालाई बित्तिय समानीकरण अनुदान अन्तर्गत रु ९ करोड ४५ लाख, सशर्त अनुदान अन्तर्गत रु. २१ करोड ८ लाख, विशेष अनुदान १ करोड, राजश्व बाँडफाँड बाट रु. ८ करोड ७० लाख ९८ हजार रुपैयाँ प्राप्त भएको छ ।

- प्रदेश सरकारबाट बित्तिय समानीकरण अनुदान अन्तर्गत रु. ५० लाख १७ हजार, प्रदेश सशर्त अनुदान अन्तर्गत रु. ८० लाख, प्रदेश सरकार विशेष अनुदान ६० लाख, प्रदेश राजश्व बाडफाड तर्फ रु. ५४ लाख ५४ हजार समपुरक १ करोड ५० लाख रकम प्राप्त भएको छ ।
- आन्तरिक आय तर्फ रु. २९ लाख ४० हजार अनुमान गरेको छु ।

- यसरी आ.ब. २०७९/०८० को गंगादेव गाउँपालिकाको अनुमानित कूल आय रु. ४४ करोड ४८ लाख ९ हजार रुपैया प्रक्षेपण गरेको छु ।

➢ आन्तरिक आय तर्फ राजश्व परामर्श समितिको बैठक बसी आर्थिक वर्ष २०७९/०८० का लागि देहायका थोरै मात्र करका दरहरु हेरफेर गरी अन्य यथावत राखिएको छ ।

| सि नं | उत्पादित वस्तुहरु | आगामी आ.व.मा आयात तथा निर्यात गर्दा लाग्ने कर | परिमान |
|---|---|---|---|
| ०१ | आलु | १ रुपैयाँ | प्रति किलो |
| ०२ | स्याउ | ३ रुपैयाँ | प्रति किलो |
| ०३ | किवि | ३ रुपैयाँ | प्रति किलो |
| ०४ | सिमि | २ रुपैयाँ | प्रति किलो |
| ०५ | भाङ्गो/ भटमास | २ रुपैयाँ | प्रति किलो |
| ०६ | कागती/अदुवा | १ रुपैयाँ | प्रति किलो |
| ०७ | सुठो | ५ रुपैयाँ | प्रति किलो |
| ०८ | टिमुर | ५ रुपैयाँ | प्रति किलो |
| ०९ | घ्यु | ५ रुपैयाँ | प्रति किलो |
| १० | मह | ५ रुपैयाँ | प्रति किलो |
| ११ | भेडा/बाख्रा/बंगुर | ५० रुपैयाँ | प्रति गोटा |
| १२ | राँगा/भैसि/गोरु/गाई | ५० रुपैयाँ | प्रति गोटा |
| १३ | मदिरा | ५० रुपैयाँ | प्रति कार्टुन |
| १४ | चुरोट सुर्ति | ५० रुपैयाँ | प्रति कार्टुन |
| १५ | हाँस कुखुरा | ५ रुपैयाँ | प्रति गोटा |
| १६ | अण्डा | २० रुपैयाँ | प्रति कार्टुन |
| १७ | किराना सामाग्री | ५ रुपैयाँ | प्रति कार्टुन |
| १८ | चिनि | २० रुपैयाँ | प्रति क्वीन्टल |
| अन्य वस्तु तथा सामाग्रीको आयात/ निर्यात प्रचलित मुल्यको १० प्रतिशत | | | |

➢ साथै उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुको हकमा कूल बजेटको १० प्रतिशत रकम जनसहभागिताबाट व्यहोर्ने व्यवस्था गरेको छु ।

**अध्यक्ष महोदय,**

गंगादेव गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, पदाधिकारी तथा कर्मचारीको तलब भत्ता प्रचलित कानून बमोजिम हुने गरी विनियोजन गरेको छु ।
संघ तथा प्रदेश सरकारबाट यातायात पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, महिला विकास, उर्जा, वातावरण, श्रम तथा रोजगारी, यूवा तथा खेलकुदका लागि तय भई आएका सशर्त अनुदान तथा विशेष अनुदान रकम सोही रुपमा खर्च गर्ने गरी विनियोजन गरेको छु ।

अब म आ.ब. २०७९/०८० को व्यय विवरण पेश गर्न चाहन्छु ।

<u>चालु तर्फः</u>

गाउँपालिकाको जम्मा व्यय रकम रु ४४ करोड ४८ लाख ९ हजार रुपैयाँ

सभामा प्रस्तुत गरेको बजेट रकम रु १९ करोड ५० लाख ९ हजार रुपैयाँ
गाउपालिका तर्फ चालु ८ करोड ८४ लाख ९२ हजार वडा गत रुपमा ७० लाख रुपैयाँ

<u>पुँजिगत तर्फः</u>
गाउँपालिकाको जम्मा ८ करोड ८३ लाख १७ हजार रुपैयाँ
सवै वडाहरुमा एकमुष्ठ  को १ करोड १२ लाख रुपैयाँ

माथि उल्लेखित प्राथमिकता तथा विषयक्षेत्रका आधारमा आर्थिक वर्ष २०७९/०८०  को बजेट प्रस्तुत गर्न चाहान्छु

**क) आर्थिक विकासः**

गंगादेव गाउँपालिकाबाट आर्थिक विकासका लागि विभिन्न क्षेत्रमा गरि देहाय बमाजिम रकम विनियोजन गरेको छु ।

**१. कृषिः**

गंगादेव गाउँपालिकाको कृषि विकासका लागि सशर्त बाहेक २५ लाख विनियोजन गरेको छु ।

**२. पशु विकास**

गंगादेव गाउँपालिकालाई पशु पकेट क्षेत्र विकास गर्नका लागि २० लाख रकम  विनियोजन गरेको छु ।

**३. पर्यटन**

सम्पदाको संरक्षणः पर्यटन प्रबर्द्धन अन्तर्गत पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदाहरुको संरक्षण र सम्बर्द्धन तथा पर्यटन विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**४. सहकारीः**

स्थानिय स्तरमा रहेको श्रम, सिप, पुंजी र प्रविधिको विकास र विस्तार गर्न सहकारी क्षेत्रको लागि केहि रकम विनियोजन गरेको छु ।

**ख) सामाजिक विकासः**

सम्बृद्धिको आधारः सामाजिक विकास अन्तर्गत देहाय बमोजिमको बजेट विनियोजन गरेको छु ।

**१. शिक्षाः**

गंगादेव गाउँपालिकाको शिक्षक तथा कर्मचारीको तलब भत्ता र शैक्षिक विकासका लागि कूल ४ करोड ६७ लाख लाख रकम विनियोजन गरेको छु ।  यसमा  नियमित प्रकृतिका तलब भत्ता तथा प्रशासनिक खर्चहरु समेत संलग्न गरिएको छ ।  यसै वर्ष अन्य  विद्यालयहरुको समेत भौतिक पूर्वाधार सुधारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. स्वास्थ्यः**

स्वास्थ्य नै धन होः स्वास्थ्य नै जीवन हो त्यसैले गंगादेव गाउँपालिकाको स्वास्थ्य, नागरिक आरोग्य सेवा केन्द्र र पोषण कार्यक्रमको लागि जम्मा ४० लाख रुपैया विनियोजन गरेको छु । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु । नेपाल सरकारले निशुल्क उपलब्ध गराउँदै आएका प्रकारका औषधिको अतिरिक्त थप औषधी निशुल्क उपलब्ध गराउने उद्देश्य सहित सर्जिकल सामाग्री, ल्याव उपकरण तथा औषधि खरिदका लागि समेत आवश्यक रकम विनियोजन गरेको छु । यस आ.ब.मा प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी स्थापनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**३. खानेपानी तथा सरसफाईः**

गाउँपालिका क्षेत्रमा स्वच्छ तथा सहज रुपमा खानेपानीको प्रबर्द्धन गर्न तथा सरसफाईका लागि आवश्यक बजेटको व्यवस्था गरको छु ।

**४. संस्कृतिः**

सस्कृति संरक्षण तथा विभिन्न स्थानका सांस्कृतिक सम्पदा संरक्षण तथा यहाँको संस्कृति संरक्षणका लागि चाडपर्व, महोत्सव संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**५. यूवा, खेलकुद तथा मनोरञ्जनः**

गंगादेव गाउँपालिकामा यूवा, मनोरञ्जन तथा खेलकुद विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु । खेलकुद विकासका लागि गा.पा मा वडा र विद्यालय स्तरीय खेलकुद प्रतियोगीता, खेलकुद सामाग्री वितरण कार्यक्रम संचालनका लागि २० लाख रकम विनियोजन गरेको छु ।

**६. लैंगिक समानता तथा समावेशीकरणः**

लैंगिक समानता र समावेशीकरणका लागि गाउँपालिकाको कार्यालयमार्फत कार्यक्रम संचालन गर्नका लागि जम्मा १० लाख विनियोजन गरेको छु । यी कार्यक्रमहरुले लैङ्गिक हिंसा अन्त्य गर्न र सामाजिक न्याय स्थापित गर्न सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु । लैंगिक सशक्तिकरण, महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति लगायतका पिछडिएका बर्गको उत्थानका लागि बजेटमा जोड दिएको छु ।

**७. न्यायिक क्षेत्रः**

न्यायिक क्षेत्रको सुधार तथा न्याय सम्पादनको लागी रु १० लाख विनियोजन गरेको छु ।

**ग) पूर्वाधार विकास**

सवल अर्थतन्त्रको आधारः भौतिक पूर्वाधारः भन्ने अवधारणा अनुरुप यस वर्ष गंगादेव गाउँपालिकाको पूर्वाधार विकासका लागि कूल ५ करोड १८ लाख ७३ हजार रुपैयाँ विनियोजन गरेको छु । ठुला लगानीमा निर्माण हुने योजनाको एकिकृत अनुमान गर्न DPR को लागी ५० लाख विनियोजन गरेको छु ।

कुल बजेट मध्ये पुँजिगत खर्च तर्फ ७ वडा को लागी १६ लाखका दरले जम्मा १ करोड १२ लाख विनियोजन गरेको छु ।

**१. सडक पुल तथा झोलंगे पुल**

यस वर्ष सडक, पुल तथा झोलुङ्गे पुलका लागि कूल २० लाख रुपैयाँ विनियोजन गरेको छु अन्य आयोजनाहरुका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. सिंचाईः**

कृषि अर्थतन्त्रका लागि सिंचाई महत्वपूर्ण अङ्ग हो भन्ने मान्यताका साथ यस वर्ष सिचाइका विभिन्न योजनामा आवश्यक रकम विनियोजन गरेको छु । कुलो निर्माण, लिप्ट सिंचाई, डिप वोरिङ, सिंचाई बाँधहरुको निर्माण गरी सिचाइ सुचारु गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**३. उर्जाः**

गाउँपालिकाका बस्तीहरुलाई उज्यालो बनाउन गाउँपालिकाले विकास र बिस्तारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**४. भवन तथा सहरी विकासः**

गाउँपालिका क्षेत्रभित्र व्यवस्थित भवन तथा सहरी विकासका लागि अहिले सम्म निर्माण हुन नसकेका वडा कार्यालयको भवन निर्माण कार्यलाई प्राथमिकता दिएको छु भने गंगादेव गाउँपालिका भित्र गाउँपालिकाको प्रशासनिक भवन निर्माणको DPR गर्न यसआ.व मा आवश्यक बजेटको विनियोजन गरेको छु ।

**घ) वातावरण तथा विपद् व्यवस्थापनः**

वातावरण तथा विपद्व्यवस्थापन गर्न गाउँपालिका स्तरमा विपद व्यवस्थापन कोष संचालनको लागि कूल १० लाख रकम विनियोजन गरेको छु ।

**१. बन तथा भु-संरक्षणः**

बन तथा भु-संरक्षण अन्तर्गत यस बर्ष आवश्यक रकम विनियोजन गरेको छु ।

**३. जलउत्पन्न प्रकोप नियन्त्रणः**

जलउत्पन्न प्रकोप नियन्त्रण गर्न विभिन्न स्थानमा तटबन्ध निर्माण, कटान नियन्त्रण लगाएतका आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह सुशासनः**

चालु खर्च अन्तर्गत गंगादेव गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह गर्ने सेवा सुविधाहरु छिटो, छरितो, मितव्ययी एवं पारदर्शी रुपले प्रवाह गर्न, गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, लक्षित वर्गका तालिम, कार्यक्रम, पदाधिकारी तथा कर्मचारीको तलव भत्ता लगायतका सेवा सुविधा तथा गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह सुशासनका लागि कूल ८ करोड ९७ लाख ९२ हजार रुपैया विनियोजन गरेको छु ।

कुल बजेटमध्ये चालु खर्चतर्फ वडा कार्यालयहरुको लागि प्रत्येक वडामा १० लाख रुपैयाँ गाउँपालिकाको कार्यालयको लागि रु ८ करोड ८४ लाख ९२ हजार विनियोजन गरेको छु ।

२. पूजिगत खर्चः
गंगादेव गाउँपालिकाको संस्थागत क्षमता विकास तथा तथा सुशासनका लागि सवारी साधन खरिद, फर्निचर तथा मेसीनरी औजार खरिद तथा कार्यालय व्यवस्थापन लगायतका कार्यको लागि कूल ५७ लाख रकम विनियोजन गरेको छु ।

३. स्थानीय तथ्यांक र अभिलेखन व्यवस्थापनः
गंगादेव गाउँपालिकाको तथ्यांक अभिलेख व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
४. संस्थागत शुसासनः
वडा तथा गाउँपालिका कार्यालयको संस्थागत सुशासन कायम गर्नका लागि ४४ लाख रकम विनियोजन गरेको छु।

५. अन्यः
यस शिर्षक अन्तर्गत डोजर टेक्टर संचालनका लागी आवश्यक रकम विनियोजन गरेको छु ।
पहाडी विकट जिल्लामा रहेको यस गंगादेव गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराइ कर राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

**अध्यक्ष महोदय,**
अन्त्यमा,
गंगादेव गाउँपालिकाले लामो गृहकार्य र अथक मेहनतका साथ तयार पारेको यो बजेट तथा कार्यक्रममा चाहेर पनि धेरै योजनाहरु छुटेका छन् । सीमित स्रोत र असीमित आवश्यकताको सीमामा रहेर जतिसुकै मेहनत गर्दा पनि जनताका सबै अपेक्षा पूरा गर्न कठिनाइ हुँदो रहेछ । जनताका बृहत्तर अपेक्षाको संवोधन गर्न गंगादेव गाउँपालिका सदैव प्रयत्नशील रहनेछ ।

बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सल्लाह तथा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू, अथक मेहनत र परिश्रम गर्नुहुने सम्पूर्ण वडाध्यक्षज्यूहरु, सम्पूर्ण विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु तथा गाउँसभाका सदस्यज्यूहरु , राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण गंगादेव गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बजेटको अर्थपूर्ण कार्यान्वयनका लागि गंगादेव गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सदभाव र सहयोग पुऱ्याउने सम्पूर्ण गंगादेव गाउँपालिकाका नागरिक, करदाता, गंगादेव गाउँपालिकाको हित र समुन्नतिमा

कार्यरत सबै विकास साझेदार, राजनीतिक दल, बुद्दिजिवी, समाजसेवी पत्रकार विभिन्न पेसा व्यवसायी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सबै पक्षको साथ सहयोग र सहकार्य रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद नमस्कार

अमृता कुमारी के.सी.
गाउँपालिका उपाध्यक्ष
गंगादेव गाउँपालिका सानडाँडा, रोल्पा ।